मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
२०७३
गण्डकी प्रदेश, नेपाल
०६९-४२००२०
०६९-४२००२१
०६९-४२००२२

प.सं : प्र. २०७७/०७८
च.नं :- १५५२

मिति: २०७८/०१/२४

**कोरोना (Covid – 19) को महामारीबाट जोगिन, रोकथाम तथा नियन्त्रण गर्ने सम्वन्धमा मालिका गाउँपालिकाको अनुरोध**

विश्वभरी फैलिदै गएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको संक्रमणको प्रभाव यस मालिका गाउँपालिकामा समेत देखापरिसकेको छ। पछिल्लो समयमा देश व्यापी संक्रमणको दर बढ्दै जादा छिमेकी पालिकाहरुले निषेधाज्ञा जारी गरिरहेका छन्। कोरोना (Covid-19) को संक्रमण र बिस्तारको विषम परिस्थितिमा महामारीबाट जोगिन र नियन्त्रण तथा रोकथाम गर्न सम्पूर्ण मालिका गाउँपालिकावासीहरु सचेत र सजग रही निम्न उपायहरु अबलम्बन गर्नु गराउनुहुन हुन अनुरोध गर्दछौं।

**क).** नयाँ भेरियन्ट सहिलको कोरोना (Covid-19) महामारीको संक्रमणबाट बच्नको लागि मास्कको अनिवार्य प्रयोग गर्ने, नियमित साबुन पानीले हात धुने, गुणस्तरीय सेनिटाइजरको प्रयोग गर्ने, एक आपसमा कम्तिमा २ (दुई) मिटरको सामाजिक दुरी कायम राख्ने, अत्यावश्यक काम बाहेक घर वाहिर ननिस्कने व्यवहारलाई पूर्णरुपमा पालना गर्नुहुन।

**ख).** आफ्ना दैनिक क्रियाकलापहरु (घरायसी तथा कृषि कार्यहरु) स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गरेर गर्न सकिनेछ।

**ग).** यस गाउँपालिकाको सबै वडामा रहेका वडा विपद् व्यवस्थापन समितिहरुले स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरु र महिला स्वास्थ्य स्वयमसेविकाहरु समेतको सहकार्य र समन्वयमा सक्रिय भई आ-आफ्नो गाउँबस्तीमा जनचेतना जगाउने, स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्ने गराउने, शंकास्पद र संक्रमित व्यक्तिहरुको सहज व्यवस्थापन गर्ने एवम् स्वास्थ्य सुरक्षाका दृष्टिले थपसहयोगको आवस्यक पर्ने अवस्थामा गाउँपालिकामा जानकारी गराउने।

**घ).** समाजमा हुने विवाह, व्रतवन्ध, मेला, पर्व, पुजाआजा, जस्ता कार्यहरु सकेसम्म कम गर्ने, मानिस जम्मा नहुने र जम्मा हुनैपरेमा बढिमा २५ जना सम्म मानिस भिडभाड नहुने गरी स्वास्थ्य सुरक्षाका मापदण्डहरु अनिवार्य रुपमा पालना गरी गर्नुहुन।

क्रमशः

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
२०७३
गण्डकी प्रदेश, नेपाल
०६९-४२००२०
०६९-४२००२१
०६९-४२००२२

प.सं : प्र. २०७७/०७८
च.नं :- १४४२

मितिः २०७८/०१/२४

**ङ).** विवाह, छेवर तथा पुजाआजा आदिमा बाजाबजाउने र भजन किर्तन नाचगान गर्ने कार्य पूर्ण निषेध गर्नुहुन ।

**च).** बर्तमान समयमा कोरना (Covid-19) संक्रमणको शंका भई स्वास्थ्य सेवाको आवस्यकता भएमा नजिकको स्बास्थ्य संस्था वा दरबाङ प्राथमिक स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीहरुको सम्पर्क गर्नुहुन।

**छ).** कोरोना संक्रमण भई सामान्य अवस्थामा रहेका व्यक्तिहरु घरमै स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण पालना गरी होम आइसोलेशनमा बस्नुहुन।

**ज).** निर्माणाधिन योजनाहरुमा निर्माण व्यवसायीले कामदारहरुको स्वास्थ्य मापदण्डको पूर्ण पालना गराउँदै कामलाई निरन्तरता दिने, वाहिरबाट कामदार ल्याउन आवश्यक भएमा गाउँपालिकाको सिफारिसमा अनिवार्य रुपमा ७ दिन क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाई कामदार ल्याई कोरोना संक्रमण नभएको सुनिश्चित गरी काममा लगाउनुहुन।

**झ).** दैनिक उपभोग्य सामाग्री लगायत अन्य सामाग्रीहरु विक्री गर्ने व्यवसायीहरुले अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गरी विक्रीवितरण गर्नुहुन साथै बैंक तथा वित्तीय संस्थाहरुले पनि अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गंरी सेवा प्रबाहको व्यवस्था मिलाउने।

**ञ).** संकटको यो समयमा दैनिक उपभोग्य सामाग्रीहरुको अभाव हुन नदिन, कालोबजारी मुल्यवृद्धि जस्ता कार्य हुन नदिन सवै पक्षले जिम्मेवारी पूर्वक सहयोग गर्नुहुन।

२०७८/०१/२४

श्रीप्रसाद रोका मगर
अध्यक्ष

श्रीप्रसाद रोका मगर
अध्यक्ष